आज मिति २०७४।०३।०८ गतेका दिन यस धवलागिरी गाउँपालिकाका अध्यक्ष श्री थमसारा पुनको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको वैठक बसी देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| श्री थमसरा पुन | अध्यक्ष |
| श्री रेशम छन्त्याल | उपाध्यक्ष |
| श्री झक बहादुर छन्त्याल | वडाध्यक्ष, वडा नं १ |
| श्री गम प्रसाद वि क | वडाध्यक्ष, वडा नं २ |
| श्री पूर्म पुन | वडाध्यक्ष, वडा नं ३ |
| श्री वेग प्रसाद घर्ती | वडाध्यक्ष, वडा नं ४ |
| श्री खर्क कुमारी छन्त्याल | वडाध्यक्ष, वडा नं ५ |
| श्री राजाराम उपाध्याय | वडाध्यक्ष, वडा नं ६ |
| श्री कलानीधि शर्मा | वडाध्यक्ष, वडा नं ७ |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री देउ प्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री किनमाया घर्ती | कार्यपालिका सदस्य |
| श्री तिलकुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री गोपाल शर्मा | प्रमुख प्रशासकिय अधिकृत |

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु**

१. आ.व. २०७७।०७८ को नीति कार्यक्रम सम्बन्धमा ।

२. आ.व.२०७७।०७८ को बजेट सम्बन्धमा ।

३. कर्मचारी प्रोत्साहन सम्बन्धमा ।

४. कृषि नियमावली सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

**निर्णयहरु :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आ.व.२०७७।०७८ को नीति कार्यक्रम सर्वसम्मत रुपमा पास गरी यही आषाढ ९ गते बस्ने गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ.व.२०७७।०७८ वार्षिक बजेट सर्वसम्मत रुपमा पास गरी यही आषाढ ९ गते बस्ने गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आगामी आ.व.को नीति कार्यक्रम तथा बजेट तयार गर्न अहोरात्र खट्ने राष्ट्रसेवक कर्मचारी लाई खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रोत्साहन भत्ता प्रदान गर्ने निर्णय गरियो । साथै वडा कार्यालय र कृषि र पशु सेवा शाखामा कार्यरत कर्मचारीहरुलाई खाईपाई आएको तलबको २० प्रतिशत रकम प्रोत्साहन स्वरुप प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

४. प्रस्ताब नं. ४ माथि छलफल गर्दा विधेयक समितिबाट प्रस्तुत गरिएको कृषि नियमावली सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

५. यही आषाढ ९ र १० गते बस्ने गाउँसभाको बैठक सौहार्द बाताबरणमा सम्पन्न गर्न आम जनसमुदाय, नागरिक समाज, बुद्धिजीवि, पत्रकार, सुरक्षाकर्मी लगायत सम्पूर्णमा आह्वान गर्ने निर्णय गरियो

गोपाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत